**Humanities and Social Sciences Journal**
2025; Volume 17, Numbers 1-2: 111-129
https://rrlc.tu.edu.np
doi: https://doi.org/10.3126/hssj.v17i1-2.97399
ISSN: 2594-3065 (Print); ISSN: 3021-9744 (Online)

Tribhuvan University,
Ratna Rajyalaxmi Campus,
Research & Educational
Development Project
Management Committee (RMC)

# नारायणहिटी राजदरबार र संग्रहालय : ऐतिहासिकता र महत्व

**उद्धव पुरी (पिएच.डी)**
इतिहास केन्द्रीय विभाग किर्तिपुर, काठमाडौँ
Email: druddhabp@gmail.com

**To cite this article:** Puri, U. (2025). नारायणहिटी राजदरबार र संग्रहालय : ऐतिहासिकता र महत्व. *Humanities and Social Sciences Journal*, *17*(1-2), 111-129. https://doi.org/10.3126/hssj.v17i1-2.97399

**Received:** May 4, 2026; **Accepted:** July 10, 2026; **Published:** July 16, 2026

## लेखसार

काठमाडौंको दरबारमार्गमा रहेको नारायणहिटी राजदरबार र नारायणहिटी दरबार संग्रहालय गणतन्त्र पछि नेपालका लागि ऐतिहासिकता पहिचानको स्थल हो । त्यहाँ राजपरिवार हनुमानढोकाबाट त्यहा सर्नु अधि पनि नारायण र हिटी  दुई बेग्ला बेग्लै स्थानमा आवास वा दरबारहरू बनेका थिए । कोतपर्व पछि फत्तेजंग र उनका परिवारहरूको पतनसँगै उक्तदरबार राणाहरूको कब्जामा आयो । पछि पृथ्वी वीरविक्रमको बिबाह लगतै राजपरिवारलाई हनुमानढोकाबाट त्यहा सारिए । वि. सं. २०५८ सालमा दरबार हत्या काण्ड भएपछि राजा ज्ञानेन्द्र वीर विक्रम शाहले करिव छ वर्ष नेपालको शासन यहीबाट गरेर राजतन्त्रको अन्त्यसँगै नारायणहिटीबाट बाहिरिए । हाल केहीभाग संग्रहालय बनेको ऐतिहासिक नारायणहिटी राजदरबार र त्यहा बिभिन्न समयमा निर्माण र संग्रह भएका विषयवस्तुहरू अहिले नेपालको राजतन्त्र, तत्कालीन शासनकाल, धार्मिक, सांस्कृतिक, कुटनैतिक सम्बन्ध र वस्तुकलाको वास्तविक प्रमाणका रूपमा रहेको र यो नेपालको इतिहास अध्ययन र अनुसन्धानको लागि महत्वपूर्ण स्रोत सामाग्री बनेको छ । जसको ऐतिहासिकता र महत्वलाई निरन्तर जोगाउन व्यवस्थित संरक्षण र व्यवस्थापन हुनुपर्दछ । यस अध्ययना लागि गुणात्मक ढाँचामा प्राथमिक र द्धितीय स्रोत सामाग्रीहरूको संङकलन पुस्तकालय र दरबार अवलोकन विधिका माध्यमबाट गरिएको छ । दरबार संग्रहालयमा रहेका विषयवस्तुलाई प्राथमिकतामा राख्दै अधिकमात्रामा सहायक वा द्धितीय स्रोहरूको उपयोग गरी वर्णनात्मक र विश्लेषणात्मक विधिमा शोधलेखन सम्पन्न गरिएको छ । जसले नेपालको एतिहासमा नारायणहिटी राजदरबारको ऐतिहासिकता र महत्वलाई प्रमाणित गरिराख्ने देखिन्छ ।

*शब्द कुन्जी :* नारायणहिटी, राजतन्त्र, गणतन्त्र, ऐतिहासिकता, संग्रहालय ।

*© Author(s). This paper is distributed under the terms of the Creative Commons CC BY-NC 4.0 DEED (https://creativecommons.org/licenses/by-nc/4.0/), which permits copying and redistributing the material in any medium or format for non-commercial uses with proper attribution to the creator.*

## परिचय

नेपालको इतिहासलाई प्राचीन, मध्य र आधुनिक कालगरी तीन खण्डमा बिभाजन गरिएको पाइन्छ । प्रचीन र मध्यकालमा नेपालमा विभिन्न राज्यहरू थिए । मल्लकालमा उपत्यकाका तीन राज्यमध्ये काठमाडौ शक्तिशाली र सम्पन्न राज्य थियो (लेभी, सन् २०११) । उनीहरूको शासन केन्द्र हनुमानढोका थियो । जसलाई हनुमानढोका दरबार भन्ने गरिन्थ्यो । पृथ्वीनारायण शाहले उपत्यका विजय गरेर नेपालको राजधानी काठमाडौंलाई बनाएर हनुमानढोकाबाट शासन सुरुगरेपछि नेपालको आधुनिक काल भएको मानिन्छ । उपत्यकाका तीन राज्यमध्ये तिब्वत र भोट ल्हासा ब्यापरका कारण सबैभन्दा सम्पन्न पनि काठमाडौं नै थियो (ढकाल, वि. सं. २०६७) । पृथ्वीनारायण शाहले काठमाडौंको केन्द्र वा राजधानी रहेको हनुमानढोकलाई नै जयप्रकाश मल्लले आफ्नो अन्तिम अवस्थामा भने अनुसार आफ्नो राजधानी बनाए । जहाँ लिच्छवी र मल्लहरूले निर्माण वा विकसित गरेका बिभिन्न भवनहरू थिए भने पृथ्वीनारायण शाहले पनि यसै प्राङ्गणमा नौतले दरबार निर्माण गरेका थिए । पृथ्वी नारायण शाह लामो समयसम्म त्यहा बसेनन् र उपत्यका बाहिरनै उनको मृत्यु भयो । उनको मृत्यु पछि जेठा छोरा प्रतापसिंह शाह काठमाडौमा नै राज्यभिशेष गरेर नेपालको राजा भएका पहिलो राजा थिए (हनुमानढोका दरबार संग्रहालय) । पृथ्वी नारायण शाहका केही पुस्ताले यहीबाट शासन चलाए पनि राणाकालको सुरुवातीसँगै नारायणहिटीमा नयाँ दरबार निर्माण गरी राजदरबारलाई हनुमानढोकाबाट त्यता सारियो । त्यसपछि नारायणहिटी राजदरबार नेपालको राजनैतिक इतिहासको केन्द्रस्थल बन्दै आएको थियो । बिशेषगरी पछिल्ला शाह राजाहरूले यहीबाट शासन गरे ।

परम्परादेखिको बिभिन्न धार्मिक महत्वका स्थलहरू हनुमानढोका दरबार क्षेत्र परिसरमा नै भएको र बिभिन्न जात्रा तथा पर्वमा जनसहभागिता हुने थलो पनि यही भएकोले कतिपय राजकीय पर्वोत्सवहरू हनुमानढोका दरबारबाटै गर्ने चलन चलिरहेकै छ । पुरानो राजदरबार हनुमानढोका पहिलेदेखिनै र दरबारमार्गको नारायणहिटी राजदरबार राजतन्त्रको अत्यपछि केही भाग संग्रहालयको रूपमा सर्वसाधारणका लागि खुल्ला छन् । यी राजदरबारको प्राचीनता र तिनमा भएका सामाग्रीहरू नेपालको इतिहासका लागि के कति ऐतहासिक र महत्वको स्रोत सामाग्री बन्न सक्छन् भन्ने विषयमा केन्द्रित भएर छुट्टै अध्ययन अनुसन्धान भएको देखिदैन । विशेषगरी नारायणहिटी राजदरबारको केही भाग पनि संचालित संग्रहालयका कतिपय विषयवस्तुहरू नेपालको इतिहास जान्न वा बुझ्नको लागि प्राथमिक स्रोतका रूपमा रहिरहने छन् ।

नारायणहिटी राजदरबार र त्यहाको संग्रहालयको विषयवस्तु नेपालको एक अति नै महत्वपूर्ण ऐतिहासिक र सांस्कृतिक महत्व बोकेको क्षेत्रको रूपमा रहेको छ । लामो समयसम्म नेपालको शासनसत्ताको केन्द्रबिन्दु र शाहवंशीय तत्कालीन राजाहरूको निवास स्थान समेत भएको कारणबाट पनि यसको महत्व निरन्तर रहिरहन्छ । आधुनिक नेपालको केही समयपछि अर्थात वि.स.१९४३ देखि तत्कालीन राजा पृथ्वी वीर विक्रम शाहदेवको निवासस्थान र शासनसत्ताको प्रयोग स्थलको रूपमा नारायणहिटी दरबार रहेको थियो (जवरा, बि.सं.२०८०) । राणा शासनको समयमा यस नारायणहिटी राजदरवार शासनसत्ता प्रयोगको प्रतिकात्मक केन्द्रबिन्दुको रूपमा मात्रै रहेको थियो भने वास्तविक शासनसत्ताको प्रयोग श्री ३ महाराजहरूबाट थापाथली दरबार र पछि सिंहदरवारबाट हुने गरेको ऐतिहासिकता रहेको पाइन्छं । नेपालमा वि.सं. २००७ सालमा प्रजातन्त्रको उदय पश्चात

नारायणहिटी राजदरवार नेपालको शासनसत्ताको प्रत्यक्ष र वास्तविक केन्द्रविन्दुका रूपमा रहदै आएको थियो । वि.सं. २००७ पछि वि.सं. २०६५ सालमा नेपालमा गणतन्त्र स्थापना हुनुअघिसम्म नारायणहिटी राजदरवार शासनसत्ताको वास्तविक र औपचारिक बागडोर यहीबाट हुँने गरेको थियो । मुख्य रूपमा बिभिन्न समयावधिमा छ जना राजाहरूले लगभग १२२ वर्ष जति यही राजदरवारबाट शासनसत्ता संचालन गरेका थिए । वि.सं. २०६५ सालमा नेपालमा गणतन्त्र स्थापना भएपछि तत्कालिन राजा श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट वि.सं. २०६५ साल जेठ २९ गते पत्रकार सम्मेलन गरी नेपालको शाहवंशीय राजतन्त्रको प्रतिकका रूपमा रहेको राजमुकुट र राजदण्ड तत्कालिन सरकारलाई बुझाई यस नारायणहिटी राजदरवार छोडेपछि गणतन्त्रको कार्यान्वयनको सुरुवात भएको थियो (झा, सन् २०१४) । त्यसपछि नारायणहिटी राजदरबार नेपाल सरकारको अधिनमा संरक्षित रहदै आएको छ । नेपालको तत्कालीन सरकारबाट यस राजदरवारलाई संरक्षण गर्न र सर्वसाधारणलाई संग्रहालयका रुपमा अवलोकनका लागि खुल्ला गरी विकसित गर्ने निर्णय अनुसार वि.सं. २०६५ असार १ गते तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा नारायणहिटी दरवारको केही क्षेत्रलाई संग्रहालय बनाएर उद्घाटन भएको थियो भने त्यसपछि वि.सं. २०६५ साल फागुन १५ गते तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहालले संग्रहालय सर्वसाधारणको लागि खुल्ला गरेका थिए (गोरखापत्र, वि. सं. २०६५) । तत्कालीन अवस्थामा केही क्षेत्र अवलोकनका लागि खुल्ला गरिएकोमा क्रमश त्यसलाई बढाउदै ल्याइएको छ । यो अध्ययन नारायणहिटी दरवार र दरबार संग्रहालयको ऐतिहासिक महत्वका बारेमा केन्द्रित रहेको छ । यस अध्ययनले नेपालको राजतन्त्र, तिनको परम्परा र गणतन्त्रसमेतलाई प्रतितिधित्व गर्ने भएकोले नारायणहिटी दरबार र दरबार संग्रहालयका कतिपय स्रोत र सामाग्री नेपालको इतिहास लेखनका लागि प्रमाणिक प्राथमिक स्रोतका रुपमा पनि रहिरहने छन् ।

नेपालको शासकीय इतिहास वा नेपालको राजतन्त्र, नेपालको वैदेशिक सम्बन्धको बारेमा र उनीहरूको नेपालको धार्मिक तथा सांस्कृतिक समन्वयात्मक नेतृत्वको अध्ययन एवम् अनुसन्धान गर्न यो एक महत्वपूर्ण स्रोत सामाग्री यी स्थानहरू रहेका छन् (पुरी, वि.सं.२०७६) । कतिपय कुराहरूले नेपालको धार्मिक, सांस्कृतिक, आर्थिक, वस्तुकला र कुटनैतिक अध्ययन र अनुसन्धानको खोजीका लागि पनि नारायणहिटी दरबार र त्यहा भएका विषयवस्तुहरूले महत्व राखिरहेका छन् । यस लेखमा मुख्य रूपमा नारायणहिटी राजदरबार र संग्रहालय, त्यसको ऐतिहासिकता, र नेपालको प्रमाणिक इतिहास लेखनमा त्यसका महत्वसमेतको विषयमा अध्ययन अनुसन्धान गरिएको छ ।

## अध्ययनको औचित्य र महत्व

नेपालमा गणतन्त्र स्थापना भएपछि राजा र दरबारका सम्बन्धमा धेरै प्रकारका चासो वा जिज्ञासाहरू देखिदै आएका छन् । नेपालको इतिहास लेखन र प्रस्तुतिमा पनि नयाँ चिन्तन र अवधारणाका साथ अध्ययन अनुसन्धान हुन थालेका छन् । त्यस समयमा संविधानभन्दा माथि रहेका राजा, दरबार र तिनसँग सम्बन्धित कतिपय कुराहरू सर्वसाधारणको पहुचभन्दा बाहिर थिए । इतिहास लेखन पनि एक तर्फी वा चाकडीपूर्ण थिए भन्ने आरोपहरू पनि लागेकै थिए । तर अहिले यस्ता बाध्यात्मक कठिनाईहरू छैनन् । त्यसैले नेपालको इतिहास अध्ययन र लेखनमा पनि आलोचनात्मक अध्ययन सुरु भएका छन् । धेरै नयाँ नयाँ तथ्यहरू बाहिर आउन थालेका पनि छन् ।

नेपालको इतिहासमा झण्डै दुईसय वर्षभन्दा बढी समय शासन गरेका शाह वंशीय राजा, रानी र राजपरिवार तथा दरबारभित्रका अधिकांश कुराहरूका बारेमा सर्वसाधारणहरू अनविज्ञ नै रहनु पर्दथ्यो । बिभिन्न समयमा भएको राजनैतिक आन्दोलनमा उनीहरूको विलाशिताका बारेमा भएका चर्चा, उनीहरूले स्वदेश वा विदेशमा बेलाबेलामा गरेको महत्वपूर्ण कार्यहरूका सम्बन्धमा पनि उत्तिकै विरोध र सर्मथन हुँदै आएको देखिन्थ्यो । तर अहिले उनीहरूको आवासस्थल नारायणहिटी राजदरबार नेपाल सरकारको पूर्ण अधिनमा छ र त्यसवेलाका राजपरिवारले भोग गरेका, संकलन गरेका र दरवार हत्याकाण्डका कतिपय डोवहरू जहाँका त्यही छन् । जसलाई नेपाल सरकारले आवश्वक सुरक्षा र संरक्षण गरी क्रमश संग्रहालयको रूपमा सर्वसाधारणका लागि पनि खुल्ला गर्दै बढाउदै लगेको छ । यस अर्थमा नारायणहिटी राजदरबार र त्यसभित्र रहेको संग्रहालय नेपालको राजतन्त्रात्मक इतिहासको लामो कालखण्डको बास्तविक स्रोत सामाग्री बनेर रहेको छ । जुन बाहिर मानिसहरूले भने वा लेखेभन्दा केही वास्तविकतामा भिन्नता पनि देखिएको छ । अहिले नारायणहिटी राजदरबार र संग्रहालय नेपालको राजा, राजवंश र उनीहरूको शासकीय स्वरूपका बारेमा वास्तविकता जान्ने महत्वपूण पक्ष हुन् । त्यस्तै स्वदेशी तथा विदेशी अनुसन्धान कर्ताहरूका लागि त तत्कालीन नेपालको राजनैतिक, आर्थिक, समाजिक र सांस्कृतिक अवस्थालाई पनि सप्रमाण हेर्न र जान्न सकिने धेरै पक्षहरू त्यहा रहेका छन् । सर्वसाधारणका लागि नारायणहिटी राजदरबारको यो अध्ययन राजा र राजदरबारका बारेमा कौतुहलता मेटाउने एउटा महत्वपूर्ण अवसर पनि हो र यसले यस्ता तथ्यगत कुराहरूको उजागर गर्ने भएकोले शोधकार्यको बढी औचित्य र महत्व रहन्छ । विशेषगरी दरबारले नेपालको राजवंश, राजदरबार, उनीहरूको जीवनशैली र वास्तविकता के कस्ता थिए वा कसरी उनीहरूले शासन गरिरहेका थिए भन्ने कुरालाई स्पष्ट रूपमा उजागर गरिरहेको देखिन्छ । त्यसैगरी यस अध्ययनले नारायणहिटी राजदरबार संग्रहालयमा संग्रह गरिएका वस्तुले तत्कालीन अवस्था, वस्तुकला र वास्तविकतालाई पनि जस्ताको तस्तै देखाउने हुँदा नेपालको राजतन्त्र, शासन प्रणाली, देशको राजनैतिक, आर्थिक, धार्मिक, सांस्कृतिक र कुटनैतिक एवम् अन्य अवस्थाका बारेमा तथ्यगत जानकारी हुँने भएकोले सर्वसाधारणको बुझाई र इतिहास लेखनमा समेत यसले नयाँ प्रमाणिकता वा तथ्यपरक अध्यायहरू थप्ने र परिमार्जन गर्न सघाउने देखिन्छ ।

## पूर्व प्रकासित कृति समीक्षा

नेपालको इतिहासमा नारायणहिटी दरबार र संग्रहालयको ऐतिहासिकता र महत्वका सम्बन्धमा खोजी गर्दा सम्बन्धित विषयमै केन्द्रीत भएका सामाग्रीहरू त्यति भेटिएनन् । दरबार र संग्रहालयका बारेमा छुट्टै केही लेख, रचना ब्रसर एवम् पुस्तकहरूमा नारायणहिटी राजदरबार र संग्रहालयका विषयमा केही कतै उल्लेख भएको पाइयो । कतिपय स्रोत सामाग्रीका रूपमा यस अध्ययनमा पनि सहयोगी हुनसक्ने देखिएको ठान्दै तिनको अध्ययन पनि गरिएको छ । ती सामाग्री र यस अध्ययनको अनुसन्धान अन्तर (Research Gap) यस समीक्षाले प्रष्ट देखाएको पनि छ । केही त्यस्ता उपयुक्त सामाग्रीहरूको अध्ययन र समीक्षा यहाँ गरिएको छ ।

गुरुङ, (वि.सं.२०७०) द्वारा लिखित नारायाणहिटी दरवार संगहालय सम्बन्धको एक परिचय पुस्तक हो । यो पुस्तक मेरीगोल्ड प्रिन्टिङ सपोर्टले प्रकाशन गरेको हो । उहाँले यसमा संग्रहालयको परिभाषा र संग्रहालयको इतिहास उल्लेख गर्दै नारायणहिटी दरवारको सन्दर्भमा यो राजदरवार वि.सं. २०६२/६३ को राजनैतिक परिवर्तन पछि विगत समयका शाहवंशीय राजाहरू बसोबास गर्न

छाडेको थलो भएको र हाल यसलाई संग्रहालय बनाइएकोले. यो शाहवंशीय इतिहासको प्रतिविम्ब मान्न सकिन्छ भन्ने उल्लेखमात्र गरेका छन् । यस पुस्तकमा नारायणहिटी दरवार संग्रहालयमा भएका वस्तुहरू विभिन्न सययका राजाहरूको इतिहाससँग जोड्दै यस नारायणहिटी दरवार संग्रहालयलाई लेखनको विषय बनाएर यो एक ऐतिहासिक तथा बहुउद्देश्यीय संग्रहालय भएको उल्लेख गरिएको छ ।

कोइराला, (वि. सं. २०५५) द्वारा लिखित यस पुस्तक जगदम्बा प्रकाशनले प्रकाशित गरेको हो । यो पुस्तक वि पी कोइरालाको आफ्नो आत्मवृतान्त हो । यस पुस्तकमा राणा शासनकालको पछिल्लो समयमा राणा र दरवारबीचको सम्बन्धको वस्तुगत अवस्थाका बारेमा उल्लेख गर्दै राजा त्रिभुवनको जीवनशैलीका साथै तत्कालिन बडामहारानी लगायत राजपरिवारका अन्य सदस्यहरूको जीवनशैली, परिवेश एवम् परम्पराका बारेमा पनि केही व्याख्या विश्लेषण गरिएको पाइन्छ । त्यस्तै पुस्तकमा राजा महेन्द्रका सन्दर्भमा युवराज अवस्था देखिकै उहाँको स्वभाव, रुचि र जीवनशैलीको केही व्याख्या विश्लेषण, तत्कालिन वडामहारानी रत्नको एक सामान्य जीवनशैलीलगायतक केही राजनैतिक विषयवस्तुका सम्बन्धमा बढी केन्द्रित रहेको छ ।

उदास, (वि.सं. २०५८) ले लेख्नुभएको पुस्तक नेपालमा प्रजातन्त्र र श्री ५ त्रिभुवन उहाँको विद्यावारिधिसँग सम्बन्धित भएको देखिन्छ र यो प्रतापसिंह राईले प्रकाशन गर्नु भएको हो । यस पुस्तकमा वि.सं२००७ साल भन्दा अगाडिको राजा र दरवारमा नाजुक अवस्थाका साथै राजाद्वारा प्रजातान्त्रिक आन्दोलनमा सहयोग पुऱ्याउनका लागि अपनाइएको भूमिकाका बारेमा पनि केही व्याख्या र विश्लेषणमात्र भएको छ ।

शाह, (वि. सं. २०६७) द्वारा लिखित मैले देखेको दरवार पुस्तकमा हालको नारायणहिटी दरबार केन्द्रीत पुस्तक हो । जनता प्रेस हाउसले प्रकाशनमा ल्याएको यो पुस्तकमा राजा वीरेन्द्र र राजा ज्ञानेन्द्रको शासनकालमा उहाँहरूको शासनशैली, तत्कालिन दरवारको प्रशासनिक तथा सुरक्षात्मक व्यवस्थाको साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घट्नाक्रमहरूमा राजा र दरवारबाट लिइएको चासो एवम् भूमिकाका बारेमा आफूले प्रत्यक्ष देखे, भोगेका र अनुभव गरेका कुराहरूलाई उल्लेख गर्नु भएको छ । यो पुस्तक वि.सं. २०५८ जठे १९ गते भएको नारायणहिटी राजदरवार हत्याकाण्डको मुख्य सेरोफेरोमा आफूले देखेका, भोगेका र अनुभव गरको कुरालाई बढी उल्लेख गरिएको छ ।

पोखरेल, (२०६८) द्वारा लिखित नारायणहिटी दरवार र देशभक्तको अवसान पुस्तक ओरियन्टल पब्लिकेशनको प्रकाशन हो । यस पुस्तकमा दरवार हत्याकाण्डका बारेमा केही चासो व्यक्त भएको र दरबार र हत्याकाण्ड भन्दा पनि शासन सत्तामा रहको विभिन्न मतभेद तथा द्वन्द्वका साथै तत्कालिन राजा वीरेन्द्र र ज्ञानेन्द्रको शासनकालका चुनौती र उहाँहरूको शासकीय शैली र चाहाना लगायतका विषयलाई केही व्याख्या विश्लेषण गर्न खोजिएको देखिन्छ ।

जबरा, (वि. सं. २०८०) द्वारा लिखित विद्यार्थी पुस्तक भण्डारले प्रकाशन गरेको राणाकालीन प्रमुख ऐतिहासिक दरबारहरू नामक पुस्तक नेपालका मुख्य मुख्य दरबारहरूका सम्बन्धमा उल्लेख छ । नेपालका शासकहरू शाह र राणाहरूले लामो समय नेपालमा शासन गर्दा उनीहरूले बिभिन्न स्थानमा आफू अनुकूलका दरबारहरू निमार्ण गरेको र त्यसमध्ये नारायणहिटी राजदरबार निर्माणका

बारेमा संक्षिप्त उल्लेख भए पनि त्यसको ऐतिहासिकता र महत्वका बारेमा खासै केन्द्रित हुन सकेको देखिदैन ।

भट्टराई, (१० सेप्टेम्बर २०१२) को लेख ग्लोवल प्रेस जर्नलमा प्रकासित रोयल प्यालेस टर्ड म्युजियम रिमाइण्ड भिजिटर अफ नेपाल अनसर्टेन पोलिटिकल फ्युचर पनि नारायणहिटी दरबार संग्रहालयका सम्बन्धमा बढी केन्द्रित रहेको छ । जसले मुख्य विषय राजनीतिसँग धेरै जोडिएको छ ।

व्हीटमार्स, (सन् २०१७) मा हिमालय जर्नलमा नारायणहिटी प्यालेस म्युजियम् स्टियागिङ मेमोरिज अफ काठमाडौं शीर्षकमा प्रकाशित लेखमा नारायणहिटी दरवार संग्रहालयका विभिन्न संरचनाहरू, त्यसका कला संस्कृति एवम् विषयवस्तुहरू लगायतका बारेमा केही अध्ययन गरिएको देखिन्छ र नेपालको शाह वंशीय परम्पराको संग्रहित विषय वस्तुबाट धेरै विषयमा जानकारी पाउन सकिने लेखमा उल्लेख गरिएको देखिन्छ ।

### अनुसन्धान रिक्तता

नेपालको इतिहासका सम्बन्धमा स्वदेशी र विदेशी धेरै अनुसन्धानकर्ताहरूले कलम चलाए पनि नेपालमा तत्कालीन अवस्थामा राजतन्त्र भएको कारण हरेक पक्ष राजा र राजदरबारसँग जोडिने वा सम्बन्धित हुने विषय भएकाले त्यसका बारेमा खुलेर वहस हुन सकेको देखिदैन । तत्कालीन संविधान अनुसार राजा र राजपरिवार कानुन नलाग्ने तहमा भएकाले इतिहासकारहरूले कतिपय कुरा प्रायोजित तरिकालेनै प्रयोग गरेको पाइन्छ । उनीहरू र दरबारभित्रको विषय निकै सुरक्षित र गोप्य मानिन्थ्यो । राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना पछि दरबार संग्रहालयको रूपमा सर्वसाधारणको पहुँचसम्म पुगेको छ भने लामो समयदेखि राजा र राजपरिवारका महत्वपूर्ण कुराहरू समेत हेर्न सबैका लागि खुल्ला भएको छ । यस अवस्थामा नारायणहिटी राजदरबार र त्यसका कतिपय ऐतिहासिक सामाग्रीहरू नेपालको इतिहास अध्ययन अनुसन्धानसँग प्राथमिक स्रोतका रूपमा पनि जोडिन सक्ने भएको छ । ती स्रोत सामाग्री बिना नेपालको राजनीति, राजा, राजदरबार, धर्म संस्कृति आदिका विषयमा गरिएको उल्लेख अपुरो हुनजान्छ । यस सन्दर्भमा नारायणहिटी दरबार र त्यसको ऐतिहासिकता र सग्रहालयको महत्वका सम्बन्धमा यस अनुसन्धानमा जस्तै समेटेर माथि उल्लेखित पुस्तक र लेखहरूले कुनै अध्ययन अनुसन्धान गरेको देखिएन । यस अनुसन्धानले समेटेको मुख्य प्रश्न र उद्देश्यको जवाफका लगि छुट्टै अध्ययन हुनुपर्ने अवस्थालाई सृजित गरेकै देखिन्छ । माथि उल्लेखित कृतिहरूको समीक्षाले यी विषयमा पूर्णता दिन नसकेको कारण अनुसन्धान रिक्तता वा अन्नतर (Research Gap) रहेको देखिन्छ । यही अनुसन्धान रिक्ततालाई यस अध्यायनले पूरागर्ने ठानिएको छ । यसले नेपालको नारायणहिटी राजदरबार र त्यहा केही भागमा संचालित दरबार संग्रहालय लगायतमा रहेका स्रोत सामाग्रीले आधिकारिक रूपमा थप नयाँ ऐतिहासिक जानकारीहरू दिदैं नेपालको इतिहास लेखनलाई तथ्यपरक बनाउन महत्वपूर्ण भूमिका खेल्ने ठानिन्छ ।

## अध्ययन विधि र सामग्री

नेपालको इतिहासको महत्वपूर्ण पक्षको रूपमा रहेको नारायणहिटी राजदरबार र त्यसको सम्बन्धको अध्ययन अनुसन्धानात्मक विधि अनुसार हुनु पर्दछ । यस्ता विषयवस्तुहरूलाई ज्ञानका रूपमा लिन र त्यसलाई आगामी पुस्ताकालागि अध्ययन एवम् जानकारी मूलक बनाउनु पनि पर्दछ ।

यसका लागि विषययुक्त अनुसन्धान पद्धतिको जरुरत हुन्छ । जसले उल्लेखित अध्ययनका लागि विविध उपायको खोजिमा सहयोग पुग्दछ । विषयगत समस्या र उद्देश्यको समाधान गर्न पनि सहयोग गर्दछ । यस्ता कुराहरूलाई तथ्य परक ढंगले विभिन्न उपाए अपनाएर गरिने खोजी वा अनुसन्धान तरिकालाई अध्ययन विधि भनिन्छ । यस्तो विधि विषयका आधारमा र अवस्थाका आधारमा केही फरक पनि हुनसक्दछ । यहाँ नारायणहिटी दरवार, संग्रहालय र त्यसको महत्वका बारेमा अध्ययन गरी लेखनकार्य सम्पन्न गर्न  विविध स्रोतहरूका आधारमा उपयुक्त अनुसन्धान विधिको प्रयोग गरिएको छ ।

नारायणहिटी राजदरबार, संग्रहालयको ऐतिहासिकता र महत्व शीर्षकको अनुसन्धान गुणात्मक ढाँचाका आधारमा तयार पारिएको छ । सोही विधि अनुसार संङ्कलन गरिएका स्रोत सामाग्रीहरूका आधारमा लेख्न विशेषत वर्णनात्मक, विश्लेषणात्मक र व्याख्यात्मक विधिलाई अपनाइएको छ । यो विवरणात्मक ऐतिहासिक अनुसन्धान विषय भएकोले यसमा ऐतिहासिक घटना र विषयहरूको तथ्यपरक अध्ययन र अनुसन्धान गरी सत्य तथ्य कुराहरू पत्तालगाउन दरवारसँग सम्बन्धित विभिन्न स्रोतहरूलाई आधार मानिएको छ ।  यस क्रममा प्राथमिक र द्वितीय स्रोतहरूको प्राप्त भएसम्म अध्ययन गरी शोधकार्यलाई पूर्णता दिने प्रयास गरिएको छ । यसका लागि धेरैजसो स्रोत सामाग्रीहरूको संङकलन पुस्तकालय विधि र अवलोकन विधिका माध्यमबाट गरिएको छ भने अनुसन्धानका क्रममा प्राथामिक स्रोतलाई प्राथमिकतामा राखिएको छ । अधिकमात्रामा सहायक वा द्वितीय स्रोहरूको उपयोग यस अध्ययनमा गरिएको छ ।

यस अध्ययनलाई सम्भव भएसम्म वैज्ञानिक र तथ्यपरक बनाउनका लागि नारायणहिटी राजदरबार र अन्य दरबारहरूको सम्बन्धमा प्राप्त भएका स्रोत सामग्रीहरूका साथै नारायणहिटी दरबार क्षेत्र र हाल केही भागमा रहेको संग्रहालयमा संरक्षण गरिएको विवरण, सामाग्री, लेखिएका अभिलेखीयहरू, भित्तामा राखिएका फोटाहरू, लगायतका महत्वपूर्ण र भरपर्दा विश्वासिला सामाग्रीहरू र तिनका बारेमा खोजी र संकलन गरी ती स्रोतहरूका आधारमा विश्लेषणत्मक र व्याख्यात्मक विधि अपनाएर लेखनकार्य पूर्ण गरिएको छ ।

## प्राथमिक र द्वितीय स्रोत संङ्कलन विधि

यस अध्ययनको लागि नारायणहिटी राजदरबार, दरबार क्षेत्र र संग्रहालयमा रहेका धेरैजसो वस्तु वा सामाग्रीहरू पहिलो पटक प्रयोग गरिएका प्राथमिक स्रोतको रूपमा रहेका छन् । नेपालको इतिहासमा नारायणहिटी दरबार विषयको अध्ययनलाई पूर्णता दिनकालागि दरबार र त्यससँग सम्बन्धित प्रकाशित दस्तावेज, पुस्तकहरू, ब्रसर, वोइवसाईट लगायतका विषयलाई अध्ययन गरिएको छ भने तत्कालिन समयमा भएका घटनाहरूसँग सम्बन्धित विभिन्न स्थानहरूको स्थलगत अवलोकन आदिका माध्यमबाट प्राथमिकत एवम् द्वितीय तथ्याङ्क वा स्रोत संकलन गरिएका छन् । प्राथमिक स्रोतमा विशेषत दरबार वा संग्रहालयको अवलोक विधि प्राथमिक स्रोत तत्थ्यङ्कका रूपमा र द्वितीय स्रोत संकलनका रूपमा नेपालका शाह राजा, नारायणहिटी दरबार र अरु सम्बन्धित पुस्तकहरू, अनुसन्धनात्मक पत्रपत्रिकाहरू, जर्नल तथा डिजिटल स्रोतलाई प्राथमिकता दिएर संकलन तथा प्रयोग गरी अध्ययनलाई सम्पन्न गरिएको छ  ।

## अध्ययनको नतिजा एवम् छलफल

प्राथमिक तथा द्वितीयक तथ्याङ्क संकलन र विश्लेषण गरी यस अनुसन्धानात्मक लेखमार्फत नारायणहिटी राजदरबारर संग्रहालयको ऐतिहासिकता र त्यसँग जोडिएका विविध पक्षलाई छलफलमा ल्याइएको छ । यो नेपालको इतिहासको महत्वपूर्ण धरोहर वा स्रोतको पनि विषय भएकोले प्राप्त सामाग्री र पूर्व साहित्वहरूको आधारमा वर्णन, विश्लेषण र व्यख्याका रूपमा छलफल गरी परिणाम प्रस्तुत गरिएको छ । नारायणहिटी राजदरबारको हालको स्थिति र त्यहाँ संग्रहालयमा संग्रह गरिएका वस्तुहरूले नेपालको तत्कालीन वास्तविकतालाई जस्ताको तस्तै देखाउने हुँदा नेपालको राजतन्त्र, शासन प्रणाली, देशको राजनैतिक, आर्थिक, धार्मिक, सांस्कृतिक र कुटनैतिक, वस्तुकला एवम् अन्य अवस्थाका बारेमा तथ्य संकलन हुने भएकोले त्यसको निरन्तर संरक्षण र वैज्ञानिक व्यवस्थापनको लागि विभिन्न शीर्षकहरूमा अध्ययनको नतिजा र छलफल प्रस्तुत गरिएको छ ।

### नारायणहिटी राजदरबारको इतिहास

हनुमानढोका दरबार पछि नेपालको शाहवंशीय राजाहरूसँग जोडिएको नारायणहिटी राजदरबार उनीहरूको आवास र शासनथलोको रूपमा परिचित रहेको छ । नेपालको राजधानी काठमाडौंको दरबारमार्गमा रहेको उक्त राजदरबार क्षेत्रफलका हिसावमा पनि ज्यादै फराकिलो क्षेत्रमा फैलिएको छ । मुख्यगरी राणाकाल र शाहकालमा धेरै निर्माण सम्पन्न भएको पुरानो शैली र आधुनिक शैली दुबैमा आकर्षक देखिने गरी रहेका छन् । त्यस अधि पनि त्यहा ठूला भारदारहरू रहदै आएको र उनीहरूको निवास वा ठूलो घरलाई पनि सर्वसाधारण दरवारनै भन्ने गदथे । राजतन्त्रको अन्त्य पछि पनि त्यहाको दरबारको एक सानो भागमा अहिले मुमा बडामहारानी बसिरहनु भएको छ । केही भाग हाल नारायणहिटी दरवार संग्रहालयका रूपमा रहेको छ भने पूर्वतर्फ गणतन्त्र स्मारक पार्क रहेको छ । राजतन्त्रको समयदेदिनै रहदै आएको सेनाको व्यारेक पनि रहेको छ । पश्चिम तर्फको केही भागमा नेपाल सरकारको कार्यालय पनि चल्दै आएको छ (स्थलगत अवलोकन) ।

नारायणहिटी राजदरवारको पनि आफ्नो विशेष इतिहास रहेको छ । प्रथमत यो स्थानको नाम नारायणहिटी कसरी रहन गयो भन्ने पक्षका सम्बन्धमा पनि जानकार हुनु पर्दछ । यस दरवारको नाम नारायणहिटी रहनमा यस दरवार परिसरमा रहेको नारायणको मन्दीर र यससँगै केही पर दक्षिण तर्फमा रहेको धारा हो । काठमाडौ उपत्यकामा नेवार सम्प्रदायको वस्ती छ र यहाँ बोलिने मुख्य भाषा नेवारी भाषा हो । नेवारी भाषामा धारालाई हिती भनिन्छ । यही रहेको नारायण मन्दिर र हितीलाई समास र अपभ्रम्सगरी यस क्षेत्रलाई नारायणहिटी भनिएको हो । जब राजाहरू यहाँ बस्न थाले त्यसपछि यहाँको दरवारको नाम नारायणहिटी राजदरबार रहन गएको हो (श्रेष्ठ, वि.सं.२०६७) । नारायण मन्दिर, धारा र पूर्व तर्फ दरबार बाहिर नागपोखरी पनि सँगै रहेको दरबारको यो क्षेत्रलाई पहिलेदेखिनै पवित्र धार्मिक क्षेत्रको रूपमा पनि लिइएको देखिन्छ (स्थलगत अवलोकन) ।

नेपालको इतिहासको एक महत्वपूर्ण पक्षको रूपमा रहेको नारायणहिटी दरवार र राजदरबारको विगत वा ऐतिहासिक पृष्ठभूमि हेर्ने हो भने यो भूभाग वा क्षेत्र व्यक्ति विशेषहरूकै भएको देखिन्छ । त्यहाँ बनेको भवनहरू विभिन्न समयमा भिन्न भिन्न व्यक्तिको स्वामित्वमा रहेको पनि ऐतिहासिक तथ्यहरू छन् । तर त्यहाको जमीन र दरबारको बेला बेलामा स्वमित्व हस्तान्तरण

हुने वा कब्जा भई भिन्न भिन्न व्यक्तिहरूको बसोवास थलो भएको तथ्य पाइन्छ । यसका केही इतिहासिकतालाई निम्नानुसार हेर्न सकिन्छ –

**धोकलसिंह बस्नेतदेखि रणोद्धीपसिंहद्धारा निर्मित नारायणहिटी दरबार**

नेपालको प्रचलनमा ठूलावडा बस्ने वा उनीहरूले आफ्नो प्रयोजनका लागि बनाएको तत्कालीन समयको आधुनिक सुविधा सम्पन्न घरलाई दरबार भन्ने र भनाइने चलन थियो । जसको विकास क्रमस बढ्दै आयो । नेपालमा युरोपियन शैलीमा धेरैजसो आधुनिक ठूला दरबारहरू राणाकालमा बन्न सुरुभए पनि राजपरिवार र उनीहरूका नजिक सत्तामा रहेकाहरूले पनि नेपाली शैलीमै ठूला घरहरू बनाएको पाइन्छ । सर्वसाधारणको भन्दा फरक र ठूला भवनहरूलाई दरबार भन्ने गरियो । यसै सर्न्दभमा नारायणहिटी क्षेत्रमा बनेका घर वा दरबारको इतिहास पनि नेपालको ठूलावडाहरूसँगै जोडिदै आएको छ । ऐतिहासिक तथ्यहरूका आधारमा यहाको दरवार पनि नेपालमा तत्कालीन समयमा सत्ताका नजिक रहेका बस्नेत परिवारसँग जोडिएको देखिन्छ । हुनत त्यसभन्दा अगाडि पनि त्यहा बसोबास थियो भन्ने विवरणहरू पाइए पनि राजनैतिक महत्वका हिसावमा नारायणहिटीमा सर्वप्रथम धोकलसिंह बस्नेतको नाम जोडिन आउछ । उनका सन्ततिहरू र उनी सम्बद्ध विवरणहरूका पनि यही र यस्ता भनाइहरू रहेका छन् । तर त्यस विषयलाई प्रष्ट रूपमा उल्लेख गर्न अझ धेरै प्रमाणहरूको अभाव नै देखिन्छ । क्रमश नारायाणहिटी चौतरियाहरूले अधिपत्यमा उनीहरूको आवस क्षेत्र बन्दै गएको थियो । विशेगरी चौतरियाहरूमा प्राण शाह आफ्ना परिवारसहित त्यहा बस्न गए । उनका सन्तानहरू जेठा छोरा फत्तेजंङ्ग शाह, माहिला गुरूप्रसाद शाह, साहिला गोपालप्रसाद शाह, काइला वीरबहादुर शाह र कान्छा रणशेर शाहका साथै नातिहरू खड्गविक्रम शाह, बहादुर शाह तथा अन्य नाति-नातिनीहरू एकै साथ त्यही बस्न थाले । यता सँगैको हिटीदरबारतर्फ भने चौतरिया प्राण शाहका भाई पुष्कर शाह र उनको परिवार बस्न थाले ( जवरा, वि.सं. २०८० ) ।

नेपालको नारायणहिटी दरबार त्यसका मालिकहरू, राजदरबार र राजनीतिको बिभिन्न घटनाक्रमसँग जोडिदै आएको देखिन्छन् । वि.सं.१९०३ को आश्विनमा नेपालको राजदरबारको इतिहासमा कोतपर्व भयो । जुन हनुमानढोका दरबार भित्र भएको ठूलो हत्याकाण्ड थियो । त्यस समयमा राजा हनुमानढोकामा नै बस्दथे । नारायणहिटी दरबारमा बस्ने तत्कालीन चौतारिया फत्तेजंगदेखि धेरै भारदारहरू त्यहा मारिए । त्यस समयमा नारायणहिटीमा चौतरिया प्राण शाह, उनका जेठा छोरा तत्कालीन प्रधानन्त्री पत्तेजङ्ग बसेको प्रमाण पाईन्छ भने कोतपर्वमा चौतरिया फत्तेजंङ्ग शाह, चौतरिया गोप्रसाद शाह, चौतरिया वीरबहादुर शाह, चौतरिया खड्ग विक्रम शाहहरूको हत्या गरियो । अरु धेरै चौतारियाहरू काठमाडौँबाट निस्कासित भए । नारायण र हिटी दरबार तिरका सबै राणाहरूबाट खेदिए । (वाँस्कोटा र शर्मा, वि. २०५५) । यसरी कोतपर्वपछि करिब खाली बन्नपुगेको नारायणहिटी दरबार क्षेत्रमा राणा परिवारका रणोद्धीप सिंह कुँवर राणाजीले आफ्नो अधिपत्य जमाए र त्यता सरे ।

तत्कालीन कर्णेल रणोद्धीप सिंहको मातहतमा नारायणहिटीको ठूलो क्षेत्र आयो । त्यसपछि उनले चौतारिया प्राण शाहको पुरानो दरबारको केही जिर्णोद्धार गरेर आफूले पनि केही नयाँ निर्माणहरू थपे र आफ्नो स्थायी आवस बनाए । वि.सं. १९३३ फागुनमा रणोद्धीप सिंह सत्तामा आएपछि नारायणहिटी दरबारलाई पहिलेको भन्दा भव्य तरिकाले निर्माण गराए । उनलेनै वि.सं.

१९३९ जेष्ठ एक गते नारायणहिटी दरवारको श्रीलक्ष्मी-नारायणको मन्दिरको गजुर वरिपरि सुनको चक्र राखेको कुरा पुरुषोतम् शमशेर जबराले उल्लेख गरेका छन् । रणोद्वीप सिंहले बनाएको भव्य नारायणहिटी दरबार कुन वास्तुकलाविद्द्वारा निर्माण कार्य गराएको थिए भन्ने कुरा कतै खुल्न सकेको छैन । त्यस समयमा यस्ता भव्य दरबार त्यस समयका वास्तुकलाविद् रनसुर विष्टद्वारा बनाएको हुनुपर्छ भन्ने अनुमान उनै राणाले आफ्नो पुस्तकमा गरेका छन् । तर तत्कालीन भवनहरूमा त्यो दरवार भव्य र सानदार बनेको थियो भन्ने उल्लेख बिभिन्न स्रोतहरूमा छ । दरबारको दक्षिण लङ्कको बैठक कोठा युरोपियन शैलिबाट सजाएको देखिन्छ भने सिलिङ्गमा झुडाइएका झाड, दिवाल गिरी तथा सङ्गमरमरका टेबुलहरू जस्ता महङ्गा सामानहरूको प्रयोग गरी दरबारको बैठक सजाइएको थियो । दरवारको बम्बई चोकको बाहिर र भित्रतर्फ अर्थात पश्चिम लङ्ग पनि भव्य तरिकाले निर्माण गरिएको भन्ने उल्लेख छ । यही बम्बई चोकभित्र तत्कालिन प्रधानमन्त्री रणोद्वीप सिंहले भक्कुलाई राँगो वा बली दिने गरेका थिए । यस्ता कार्यमा रमाइलो र जमघट आयोजना हुन्थ्यो (स्थलगत अवलोकन) । उनले नै नारायणहिटी दरवारको निमार्ण कार्यलाई बढाउदै लगेका थिए । रणोद्धीपसिंह कुँवर राणाजी निसन्तान भएकै कारणले पनि दरबारको निर्माण र सफाई कार्य गर्न उनलाई सजिलो भएको मानिन्छ । उनका भाइ-भतिजा, भारदार तथा कर्मचारीहरू सबै दरबारको बम्बई चोकमा भेला भएर फागु खेल्ने परम्परा पनि उनले बसालेका थिए । वि.सं. १९४२ कात्तिकमा प्रधानमन्त्री रणोद्धीपसिंहको हत्या यही दरबारको दक्षिण लङ्गको कोठामा शमशेर राणाहरूद्धारा भएको थियो (जवरा, वि. सं. २०८०) । यसरी यो दरबार क्रमश राणापरिवार भित्रै सर्दै जान थाल्यो ।

### धोकलसिंह बस्नेतदेखि वीर शमशेरद्धारा निर्मित हिटीदरबार

नारयणहिटी दरबार भित्र नारयण मन्दिर रहेको छ भने हिती भनिने ढुंगेधारा दक्षिण तर्फ बाहिर देख्न सकिन्छ । यसैको भित्र तर्फ हिटी दरबार थियो । यो हिटीदरबार पनि धोकलसिंह बस्नेतले नै बनाएको थिए र सुरुमा धोकलसिंहकै बासस्थान थियो भनिएको छ । उनीपछि यो दरबार तथा यसले ओगटेको क्षेत्र चौतरियाहरूको अधिपत्यमा आएको थियो भनिन्छ । नारायणहिटी तर्फ दाजु चौतरिया प्राणशाहको अधिपत्य थियो भने हिटीतर्फ उनका भाइ चौतरिया पुस्कर शाहको निवासस्थान थियो । चौतरिया पुस्कर शाहका चौतारिया नरहरि विक्रम शाह, चौतारिया भीम विक्रम शाह, चौतारिया अम्बर विक्रम शाह, चौतारिया रण विक्रम शाह र चौतारिया वीरविक्रम शाह गरी पाँच भाइ छोरा थिए । उनीहरू हिटीतर्फ बस्ने गरेका थिए । वि.सं. १९०३ आश्विन दुई गते सोमबारको रातमा भएको कोतपर्वमा उनीहरू मध्ये कोहीको हत्या भयो भने कोही भागेर मुग्लान पसेको भनाई छ । केही समय पछि उनीहरू मुग्लानबाट फर्केर आएपछि चौतरिया पुस्कर शाहको ती परिवार धादिङ्को खरीमैदी भन्ने ठाउँमा बसेको देखिन्छ । धादिङ्मा अहिले पनि उनीहरूको प्रमाणहरू छन् । कोतपर्व र त्यसपछिका अन्य राजनैतिक पर्व वा विद्रोह पछि राणा विरोधी भारदारहरू प्राय सबै सत्ताको नजिकबाट बाहिरिए (वास्कोटा र शर्मा, वि. सं.२०५५) । यसरी कोतपर्वपछि चौतरिया पुस्कर शाहद्धारा निर्मित ती दरबार धीरशमशेरले आफ्नो अधिपत्यमा लिएका थिए । उनले नै ती दरबारको अरु थपथाप र जिर्णोद्धार गराए । धीरशमशेर थापाथली बस्दथे र त्यहाबाट हिटीदरबारतर्फ कहिले सरे भन्ने विषय अझै अपुष्ट छ, सायद युरोप भ्रमणपछि सरे होलान भन्ने अनुमान छ । राणाकालीन प्रमुख ऐतिहासिक दरबारका लेखक पुरुषोत्तम शमशेर

जबराका अनुसार धीरशमशेरका १७ भाइ छोराहरूमा जेठा छोरा वीरशमशेरकी मुमा चन्द्रकुमारीको वीरशमशेर जन्मनासाथै मृत्यु भएको हुँदा जंङ्गबहादरले वीरशमशेरलाई सालनालसहित लगेको र वीरशमशेर हिटीदरबारमा जन्मेमात्र तर थापाथली दरबारमै हुर्के अरु सबै छोराहरू र छोरीहरू भने हिटीदरबारमै जन्मे हुर्किएको उल्लेख गरेका छन् ।

राणाका अनुसार वि.सं. १९४१ कार्तिक ११ गते राति धीरशमशेरका छोराहरूले पारिवारिक विद्रोह गरे र सफल पनि भए । उक्त हत्याकाण्डपछि हिटीदरबारमाथि वीरशमशेरको अधिपत्य कायम भयो । त्यसपछि वीरशमशेरले सेतोदरबार निर्माण गराउन लगाए र निर्माण कार्य सम्पन्न भएपछि वीरशमशेरले त्यस नयाँ निर्माण गरिएको दरवबारमा सरे । रानीपोखरी र त्रिचन्द्र कलेजको उत्तर तर्फ हाल सेतो दरबारको ठूलो अग्लो जीर्ण प्रवेशद्वार देख्न सकिन्छ । जसलाई बेला बेलामा मास्ने प्रयास भैरहेको छ (स्थलगत अवलोकन) । वि.सं. १९४९ आषाढ ९ गतेका दिन वीरशमशेरका साहिला छोरा चक्रशमशेरको मृत्यु भयो । त्यसपछि वीरशमशेरले यो हिटीदरबार चक्रशमशेरको रानी आफूरानी साहेवलाई दिए । पछि उनीहरूकै सन्तानले पुराना भवनहरू भत्काउदै नयाँ दरबार बनाए । त्यसबेलाको हिटी दरबार अहिले देख्न पाइदैन (जवरा, वि. सं. २०८०) । त्यो राणाहरूकै समयमा मासिएको थियो ।

**वीरशमशेरदेखि हालसम्मको नारायणहिटी राजदरबार**

समय समयमा हत्यामा जोडिएको नेपालको इतिहासमा वि.सं. १९४२ कात्तिकमा भएको पारिवारिक विद्रोहमा तत्कालीन प्रधानमन्त्री रणोद्धीपसिंह कुँवर राणालाई आफ्नै निवासस्थान नारायणहिटी दरबारमा हत्या गरियो । त्यसपछि उक्त दरबारलाई तत्कालिन प्रधानमन्त्री वीरशमशेरले वि.सं १९४२ माघ महिनादेखि जिर्नोद्धारको नाममा जगैदेखि भत्काए र अनेकौ शान्ति स्वस्ति तथा होम इत्यादि गरी हत्यादोषबाट मुक्त हुने प्रयास पनि गरे । त्यसबेलाका नाम चलेका वास्तुकलाविद् जोगलाल स्थापित भाजुमानको नेतृत्वमा उनले नयाँ दरबारको निर्माण कार्यको थालनी गरे । उक्त नया दरबार वि.सं. १९४३ को अन्त्यतिर निर्माण कार्य समाप्त गरेको देखिन्छ । नेपालको हनुमानढोका राजदरबार ज्यादै साँघुरो र जीर्ण हुँदै गएको र वरपरसम्म बजार भएकाले रोग-व्यादी पनि लागिरहने, होहल्ला पनि भैरहने भएकोले तत्कालिन प्रधानमन्त्री वीरशमशेरले राजदरबार सार्ने सोच बनाएका थिए । उनले तत्कालीन समयमा चार सय चवालीस रोपनी दुई आनामा जग्गा बढाएर नारायणहिटी राजदरबार क्षेत्रमा थप नयाँ निर्माण गराए । तत्कालीन श्री ५ महाराजधिराज पृथ्वी वीरविक्रम शाहलाई आफ्नो छोरीहरू विवाह गरिदिएपछि उनीहरूलाई नारयणहिटी दरबारमा सारिदिए । यता खाली भएको हनुमानढोका राजदरबारमा भने उपत्यका बाहिरबाट वा पहाड, तराईतर्फबाट काठमाडौं आएका राणा र राजपरिवारका साहेबज्यूहरू आउदा जाँदा डेरा झै गरी बस्दथे (जवरा, वि. सं. २०८०) ।

ऐतिहासिक विवरण अनुसार वि.सं. १९९० माघ दुई गतेको महाभूकम्पका समयमा नारायणहिटी राजदरबार भित्रका धेरै भवनहरू पनि भत्किएको उल्लेख छ (थापा, वि. सं. २०४५) । दरबार भत्किदा श्री ५ त्रिभुवनका दुई वटी राजकुमारीहरूको पनि मृत्यु भएको थियो । त्यसको लगतै उक्त दरबारको जिर्णोद्धार गरियो र दरबारको अगाडी दक्षिणतर्फबाट माथि चोटामा उक्लिने र ओर्लिने नयाँ भऱ्याङ्ग निर्माण गर्न लगाएको देखिन्छ । इन्जिनियर सूर्यजंङ्ग थापाको भनाई अनुसार सो भऱ्याङ्ग निर्माण गर्दा तत्कालीन शासक जुद्धशमशेरको अनुमति नलिएको हुँदा झण्डै त्यही

अभियोगमा उनले सजाय भोग्नु परेको थियो । सजाय पाएको भए उनी कप्तानी दर्जाबाट बन्चित हुने थिए भन्ने कुरा जबराले आफ्नो किताबमा उल्लेख गरेका छन् ।

शासन सत्ता राणाको हातमा भएकोले राजा र राजपरिवारकाहरू दरबारभित्र बढी मोजमस्तीम लाग्दथे । नारायणहिटी राजदरबारमा पनि अनेकौं उत्सवहरू मनाउने गरिन्थ्यो । जस्तै फागुपूर्णिमाका दिन दरबारको चोकमा भाइ-भारदारहरू जम्मा भई अनिवार्य रूपमा होली खेल्नु पर्थ्यो भने भक्कु-भैरवहरूलाई राँगो दिएर खेल तमासा पनि गर्ने गरिन्थ्यो । नारायणहिटी राजदरबारभित्र चिडियाखाना पनि निर्माण गरिएको थियो भने तालिमे नानीहरूलाई नाच-गानको तालिम पनि दिइन्थ्यो । नाच्ने, गाउने, अभिनयको प्रयोजनका निमित्त स्टेज निर्माण समेत गरिएको थियो भनिएको छ । वि.सं. १९४८ मा श्री ५ पृथ्वीको विवाह कीर्तिदिव्यश्वरी देवी राणा र दुर्गा दिव्यश्वरी देवी राणाहरूसँग एकैसाथ यसै नारायणहिटी राजदरबारबाटै सम्पन्न भएको थियो । वि.सं. १९६३ आषाढ १९ गते श्री ५ युवराज त्रिभुवनको जन्म यही राजदरवारमा भएको थियो । वि.सं. १९६८ पुस २६ गतेका दिन पृथ्वी वीर विक्रम शाहको मृत्यु यसै राजदराबारमा भयो भने सोही दिन त्रिभुवनलाई श्री ५ महाराजधिराज पनि यही दरबार भित्रबाटै घोषित गरिएको थियो । वि.सं.१९६९ फागुन ८ गतेका दिन राजा त्रिभुवनको राज्यभिषेक पनि यही राजदरबारबाट नै सम्पन्न भएको थियो । वि.सं. १९९५ फागुन १५ र १६ गते यसै राजदरबारबाट श्री ५ त्रिभुवनको विहार प्रान्तका राजपुत दुई कन्याहरूसँग विवाह सम्पन्न भएको थियो (जवरा, वि. सं. २०८०) । तत्कालीन अवस्थामा नेपालमा बिस्तारै राणा बिरोधी गतिविधिहरू बढ्दै जान थालेको थियो । राजा त्रिभुवन पनि राणा बिरोधीहरूसँग जोडिएका थिए । उनी वि.सं.२००७ कार्तिक २१ गते स-परिवार तत्कालिन भारतीय राजदुतावास शितलनिवास पसे र भारत गए । प्रजातान्त्रको स्थापनासँगै यसै साल फागुन ४ गतेका दिन भारतबाट फर्की नाराणहिटी राजदरबार प्रवेश गरे । यहीबाट राज त्रिभुवनले फागुन ७ गतेका दिन प्रजातन्त्रको घोषणा गरेका थिए (उदास, वि. सं. २०५८) ।

तत्कालीन राजा महेन्द्रले पुरानो दरबारलाई केही परिवर्तन गरी त्यसै ठाउँमा आधुनिक शैलीको अर्को राजदरबारको निर्माण गराउन लगाए । राजा महेन्द्रले उक्त आधुनिक दरबार बनाउन बनर्जी एण्ड पोच नामक भारतीय कम्पनीलाई जिम्मेवारी दिएका थिए । यहाँ एक रोचक तथ्य के छ भने चन्द्र शमशेरले सिंहदरबार र राजा महेन्द्रले नारायणहिटी दरबार राज्यलाई बेचेको देखिन्छ । हुनत दुबै दरबार राज्य कोषबाटै बनेको पनि हो । चन्द्रशमशेरले वि.सं. १९५९ मा जम्मा मो.रु ५० लाख खर्च गरी सिंहदरबार निर्माणकार्य सम्पन्न गराएपछि भारदारीसभा गठन गरी श्री ३ महाराज प्रधानमन्त्री हुने व्यक्ति यस सिंहदरबारमा बस्ने छ भनी नेपाल सरकारको ढुकुटीबाट दुई करोड रूपैयाँ झिकी डेढ करोड रूपैँया आफूले राखेको थिए । त्यसैगरी राजा महेन्द्रले पनि वि.सं. २०२४ सालमा तत्कालीन श्री ५ को सरकारलाई नयाँ निर्मित राजदरबार सात करोड रुपियाँमा बिक्रि गरेको भन्ने रहेको छ । जबराका अनुसार यस विषयमा तत्कालिन सांसदहरूले सदनमा होहल्ला मच्चाउँदा राजा महेन्द्रले यो नारायणहिटी राजदरबार जिजुमुमाको दाइजो भएबाट श्री ५ को सरकारलाई बेचेको हुँ भने रे भन्ने कुरा पनि सुनियो भनी उनले बताएका छन् । त्यसैगरी जबराका अनुसार राजा महेन्द्रकी जिजुमुमा माहिली बडामहारानी लक्ष्मीदिव्यश्वरी देवी भारत-पञ्जाव प्रान्तकी राजपुत कन्या थिइन् । उनको श्री ५ महाराजधिराज पृथ्वी वीर विक्रम शाहसँग वि.सं. १९४३ फागुणमा विवाह भएको थियो । विवाह हुँदा यिनी जम्मा १० वर्ष र श्री ५ महाराजधिराजको उमेर

जम्मा १२ वर्षको थियो । त्यसबेला जन्ती हनुमाणढोका राजदरबाट थापाथली दरबारमा गएका थिए । त्यस बिबाह पछि वीरशमशेरले राजपरिवारहरूलाई हनुमानढोका राजदरबारबाट नारायणहिटी राजदरबारमा सारेका थिए । नारायणहिटी राजदरबार राजा महेन्द्रको जिजुमुमाको दाइजो भन्न सुहाउदैन वीरशमशेरका छोरीहरू साइली मुमा वडामहारानी कीर्तिदिव्यश्वरी र कान्छी वडामहारानी दुर्गा दिव्यश्वरीको विवाह राजा पृथ्वी वीर विक्रम शाहसँग वि.सं.१९४८ मा भएको हो दाइजोको कुरो विल्कुलै मिल्दैन उनै जबराले भनेका छन् ।

हालको नारायणहिटी दरवार संग्रहालय रहेको मुख्य भवन तत्कालिन राजदरवार श्री ५ महेन्द्रद्वारा वि.सं. २०२६ बनाएर निर्माण सम्पन्न भएको हो । यस नयाँ राजदरवारमा गृह प्रवेश तत्कालिन युवराज वीरेन्द्रको वैवाहिक कार्यक्रमका क्रममा भएको हो । यस राजदरवार बनाउन वि.सं. २०२० साल देखि वि.सं. २०२६ सम्म लगभग ६ वर्ष समय लागेको थियो । वि.सं. २०२६ देखि वि.सं.२०६५ मा गणतन्त्र स्थापना हुँदासम्म यसै नारायणहिटी राजदरवार तत्कालिन राजाहरू महेन्द्र, वीरेन्द्र र ज्ञानेन्द्रको निवास तथा नेपालको शासन व्यवस्थाको केन्द्रविन्दुका रूपमा रहेको थियो । नारायणहिटी राजदरवार परिसरभित्र रहेको त्रिभुवन सदनको विलिवर्ड हलमा वि.सं. २०५८ जेठ १९ गते राती तत्कालिन राजा विरेन्द्र, रानी ऐश्वर्य लगायत राजपरिवारका अन्य सदस्य र शाही नातेदारहरूको हत्या भएको थियो । यस हत्याकाण्डलाई नारायणहिटी हत्याकाण्ड पनि भनिन्छ । यस हत्याकाण्डमा राजा वीरेन्द्रको स-परिवारका साथै उनका नजिकका धेरैजसोको हत्या गरिएको थियो (स्थलगत अवलोकन) । यो नारायणहिटी राजदरबारभित्र भएको पछिल्ले सबैभन्दा ठूलो हत्याकाण्ड थियो ।

नारायणहिटी दरबार संग्रहालयका अनुसार वि. सं. १८५० मा राजा रणबहादुर शाहबाट बकस भएको जग्गामा धोकल सिंहले कीर्तिमन्दिर नामको भव्य र सुन्दर दरबार निमार्ण गरेको कुरा शाहकालीन अभिलेखमा उल्लेख गरिएको पाइन्छ । शाह राजाहरू यहाँ सरेपछिमात्र यो दरबारको नाम नारायणहिटी राजदरबार रहन गएको हो भन्ने देखिन्छ । नारायणहिटी दरबारको नामाकरण यस दरबार परिसरको पूर्वीभागमा अवस्थित शिखर शैलीको नारायण मन्दिर र त्यसैसँग रहेको ढुङ्गे धाराको नामबाट रहन गएको तथ्यगत विवरण हो । हाल दरबारले चर्चेको कूल क्षेत्रफल ७५४–८–१–३ रोपनी रहेको छ भन दरबारको संरचना ४०,८२० वर्ग्रफीटमा फैलिएको छ । (नारायणहिटी दरबार संग्रहालय) । वि.सं. २०५८ को राजदरबार हत्याकाण्ड पछि राजा ज्ञानेन्द्रले नारायणहिटी राजदरबार भित्रको त्रिभुवन सदन भत्काएका थिए । राजा वीरेन्द्रको समयमा हाल दरबारमा रहेका ५२ वटा कक्षहरू देशको बिभिन्न जिल्लाहरूको नामबाट नामाकरण गरिएका छन् । दरबारको मुख्य प्रवेशद्धारहरू पनि देशको बिभिन्न हिमालहरूको नामबाट नामाकरण गरिएका छन् (नारायणहिटी दरबार संग्रहालय) । यसरी राजा वीरेन्द्र र रानी ऐश्वर्यको समयमा पनि दरबार भित्र धेरै सुधार र पुरक निमार्णहरू भएको देखिन्छ । हालको दरबारको सजावट र त्यहा भित्र प्राय सबै कोठा, बैठक, मूल ढोक वा बगैचा आदिको नामाकरणमा नेपाली करण झल्काउने काम उनीहरूकै शासनकालमा भएको हो । उनीहरूकै संग्रह दरबारभित्र रहेका देशी र विदेशी उपहार सामान वा संग्रह भएका बस्तुहरू सबै अहिले संग्रहालयको रूपमा सर्ब साधारणले हेर्न र देख्न पाएका छन् ।

## नारायणहिटी दरवार संग्रहालयको स्थापनाको पृष्ठभूमि

अहिलेको नारायणहिटी दरबार संग्रहालय नेपाल शासकीय रुपमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएपछि स्थापना भएको हो । यो स्थल नेपालका शाह राजपरिवारको आवास एवम् शासन संचालनको प्रशासनिक कार्यालय समेत भएको स्थान हो । यो नारायणहिटी राजदरबरको नामले प्रख्यात पनि छ । वि. सं. २०६१/०६२ को नेपालमा भएको राजनैतिक परिवर्त पछि भएको निर्वाचनबाट स्थापित संसदले नेपालमा राजतन्त्रको अन्त्य गरायो । राजदरबार नेपाल सरकारको पूर्ण अधिनमा आएपछि यसलाई वि. सं. २०६५ साल फागुन १५ गते देखि संग्रहालयको रुपमा सर्वसाधारणको लागि खुल्ला भयो ।

देशमा बढ्दै गएको राजनैतिक अस्थिरतका समयमा वि.सं. २०५८ जेठ १९ गते राती तत्कालिन राजा वीरेन्द्रको वंश विनास हुने गरी राजदरवार हत्याकाण्ड भयो । देशको विद्यमान नाजुक परिस्थितिमा राजा र राजसंस्था एकमात्र अन्तिम आस्था, भरोसन र विश्वासको केन्द्र मानिदै आएकोमा राजा वीरेन्द्रको अन्त्यपछि थप कमजोर अवस्थाहरू सृजना हुन थाले । तत्कालै राजा भएका राजा ज्ञानेन्द्रले सही ढंगले सत्ता हाक्न सकेनन् । बरु त्यसको विपरित आफ्नो महत्वकाँक्षा सहित वि.सं. २०५९ असोज १८ गते प्रजातान्त्रिक व्यस्थाकै अन्त्य गरी आफै कार्यकारी बनी मन्त्रिमण्डलको नेतृत्वगर्न थाले (नेपाल परिचय, वि. सं. २०७८) । तर राजाले जनभावना अनुसार अगाडि बढ्न सकने छाट नदेखाए पनि यस कदमको बिरोधमा क्रमश राजनैतिक दल राष्ट्रिय र अन्तराष्ट्रिय सबै पक्षबाट विरोध भयो । राजा सत्ता र शक्तिलाई आफ्नो हातमा लिएर अगाडि लाग्दै २०६१ माघ १९ को कमद चाल्न पुगे । विश्व परिस्थितिको विपरित राजाको यस्ता गतिविधिको बिरोध झन बढ्यो । संसद नै बिगठन भयो (ढकाल, वि. सं. २०६७ ) । संवैधानिक राजतन्त्र र वि.सं. २०४७ को संविधान दुवैको औचित्य समाप्तितिर लाग्यो । यसैविच सात राजनैतिक दल र नेकपा माओवादीविच दिल्लीमा १२ बुदे समझदारी भयो । यसै समझदारीमा आधारित भई सात राजनैतिक दल र नेकपा माओवादिद्वारा गरिएको २०६२/०६३ को आन्दोलनले राजालाई विघटित प्रतिनिधिसभा पुस्थापित गर्न बाध्य बनायो । राजाद्वारा पुर्नस्थापित प्रतिनिधिसभाले तत्कालै एक संकल्प प्रस्ताव पारित गर्दै राजाका सम्पूर्ण राजकिय अधिकारहरू कटौती वा अन्त्य गर्दै राजालाई निलम्बनको अवस्था तिर लैजान थाल्यो । त्यही समयमा भएको बृहत शान्ति सम्झौता पछि नेकपा माओवादी पनि सम्मिलित अन्तरिम विधायिका वा संसदले संविधानसभाको पहिलो बैठकले गर्ने छ भन्ने निर्देश गऱ्यो । यसरी विना जनमतको पुनर्स्थापित व्यवस्थापिकाले भविष्यमा गठन हुने सार्वभौम भनिएको संविधानसभालाई तोकिएको कार्यादेश प्रदान गऱ्यो । वि.सं. २०६५ सालमा गठन भएको संविधानसभाको पहिलो बैठक मिति २०६५ साल जेठ १५ गते राजतन्त्र समाप्त भई गणतन्त्र स्थापना हुन पुग्यो । गणतन्त्र स्थापनाको संसदीय घोषणा पछि वि.स. २०६५ साल जेठ २९ गते राजा ज्ञानेन्द्रद्वारा पत्रकार सम्मेलन गरी नारायणहिटी राजदरवारबाट शासकका हैसियतबाटै बाहिरिए (गुरुङ, वि. सं. २०७०) ।

गणतन्त्रको स्थापना पछि राजतन्त्रत्मक नेपालको शासनको केन्द्र तथा एतिहासिक नारायणहिटी राजदरवार खाली बन्यो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले वि. सं. २०६५ साल असार १ गते दरबारलाई संग्रहालयको रुपमा उद्घाट गरे भने त्यसको तयारी सम्पन्न

गरी सोही वर्षको फागुन १५ गते सर्वसाधारणका लागि नारायणहिटी दरबार संग्रहालय खुल्ला भई सञ्चालनमा आयो (नारायणहिटी दरबार संग्रहालय, वि. सं २०८२)।

## नारायणहिटी दरबार संग्रहालयको मुख्य विषयवस्तु

करिब ५२ रोपनी क्षेत्रफलमा फैलिएको दरबार परिसर भित्र राजपरिवारका आवसीय कक्ष,औपचारिक दरबार, ऐतिहासिक सभाहल तथा विभिन्न सांस्कृतिक र ऐतिहासिक सामाग्री संरक्षण गरिएका छन् । राजतन्त्रको अन्त्य पछि संग्रहालयमा रुपान्तरण गरिएको नारायणहिटी दरबार नेपालको राजनीतिक इतिहास, शासन प्रणालिको परिवर्तन र समृद्ध सांस्कृतिक विरासत बुझ्ने प्रमुख केन्द्रको रुपमा स्थापित भएको छ (रासस, वि. सं. २०८२) नारायणहिटी राजदरवार नारायणहिटी दरवार संग्रहालय नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्यायन मन्त्रालय अन्तरगत संस्कृति सम्बन्धी विभिन्न समितिहरू जस्तै नारायणहिटी दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा संचालन विकास समिति अन्तरगत पर्दछ । मुख्यगरी यस राजदरवार परिसर भित्र रहेका केही निश्चित विषयवस्तु र संरचनाहरू यस नारायणहिटी दरवार संग्रहालय अन्तर्गत समेटिएका छन् । अन्य केही विषयवस्तु र संरचनाहरू अझै पनि दरवार संग्रहालय अन्तरर्गत समेटिसकिएका छैनन् ।

नारायणहिटी दरबार संग्रहालय हाल दुई भागमा विभाजित अवस्थामा रहेको देखिन्छ । पहिलो यस नारायणहिटी राजदरवारको मुख्य दरवार भवन भित्रका विषयवस्तुहरू र यस मुख्य दरवार भवन नारायणहिटी राजदरवार ४०८२० वर्ग फिट मा फैलिएको भुई तल्ला, प्रथम तल्ला र द्वितीय तल्ला गरी जम्मा तीन तल्ला रहेको यो मुख्य भवनमा जम्मा ७७ कोठा रहेका छन् । यी कोठालाई सदन र बैठक पनि भनिन्छ । यी ७७ सदन र बैठक मध्ये ५२ कक्षहरू नेपालका विभिन्न जिल्लाहरूको नाममा नामाकरण गरिएको देखिन्छ । यसरी ७७ सदन र बैठक रहेको दरवार संग्रहालयको हालसम्म करिव ३२ वटा कक्षहरू सर्वसाधारणलाई अवलोकन गर्नका लागि खुल्ला भइसकेका छन् । अन्य सदन र बैठकका कक्षहरू बिभिन्न कारणले हाल बन्दको अवस्थामा रहेका छन् । त्यस्तै यस नारायणहिटी संग्रहालयको मुख्य भवनमा रहेको विभिन्न द्वारहरूको संस्था १० रहेको देखिन्छ । यी द्वारहरूको नामाकरण पनि नेपालको प्रमुख हिमालयका नाममा राखिएका छन् । संग्रहालयका लागि यी सबै द्धारहरू उपयोगी हुदैनन् । सदनका नाममा परिचित दरबारका सबै भवनहरू पनि संग्रहालय अन्तर्गत पर्दैनन् । नेपाली सेना लगायत अन्य कार्यलयहरू पनि त्यहा रहेका छन् (संग्रहालय अवलोकन, वि.सं.२०८२) । यसैगरी नारायणहिटी दरवार संग्रहालयको मुख्य दरवार भवनलाई खण्डगत रुपमा स्वागत तथा राजकीय कार्यक्रम हुने खण्ड, अतिथि तथा पाहुँना खण्ड र निजि खण्ड गरी तीन भागमा विभाजन गरिएको देखिन्छ ।

नारायणहिटी दरवारले चर्चेको सबै क्षेत्र संग्रहालयको अधिन क्षेत्रभित्र पदैनन् । नारायणहिटी दरवार परिसर र नारायणहिटी दरवार संग्रहालयलाई फरक रुपमा हेर्नु पर्दछ । तत्कालिन नारायणहिटी राजदरवारका सबै संरचनालाई नारायणहिटी दरवार संग्रहालय भन्न मिल्दैन । तर नारायणहिटी दरवार संग्रहालयसँग सम्बन्धित केही संरचना नारायणको मन्दिर र नारायण धारा संग्रहालयभन्दा बाहिर पर्दछन् भने संग्रहालयको केही स्थान संग्रहालय भवन भन्दा बाहिर रहेका छन् र अन्य सबै विषय वस्तुहरू संग्रहालयको मुख्य भवन भित्र रहेका छन् । जसलाई ग्रहालयका तर्फबाट संरक्षित गरिएका छन् ।

## नारायणहिटी दरबार संग्रहालयको महत्व

### *ऐतिहासिक र राजनैतिक पक्ष*

नेपालको लागि धार्मिक ऐतिहासिक महत्व राख्ने नारायणहिटी दरवार, संग्रहालय स्थापना हुनु भन्दा अगाडी देखि नै नारायणहिटी दरवार र राजदरबारको रुपमा अस्तित्व रहेको देखिन्छ । नारायणहिटी शब्दबाट नै यसको धार्मिक र ऐतिहासिकता प्रकट भएको देखिन्छ । यस नारायणहिटी दरवारको परिसरमा रहेको नारायणको मन्दिर र सँगै रहेको धारा वा स्थानीय नेवारी भाषामा हितीबाट नै यस दरवारको नाम नारायणहिटी रहन गएको उल्लेख छ । नारायणहिटी दरवार र यसको क्षेत्र इतिहासको विभिन्न कालखण्डमा विभिन्न व्यक्तिको स्वामित्वमा रहेको र जो शक्तिमा आयो त्यसले यसलाई कब्जामा लिई स्वमित्व स्थापित गरेको पनि देखिन्छ । यसरी विभिन्न यसम र कालखण्डमा विभिन्न व्यक्तिहरूले कब्जा गरी भोग चलन गरेको दरवार वि.सं. १९४३ सालबाट नेपालका राजाहरूको राजदरवारमा परिणत भएको थियो (राणा, वि.सं. २०८०) । नेपालको राजनैतिक इतिहासमा यस दरवारमा विगतमा ज्यादै चर्चित र महत्वपूर्ण घट्नाहरू भएका छन् । वि.सं. १९४२ सालको प्रधानमन्त्री श्री ३ रणोद्धिप सिंहको हत्या, वि.सं.२००७ सालको प्रजातान्त्र धोषणा, वि.सं. २०१७ सालको राजनैतिक परिवर्तन, वि. स. २०५८ सालको दरबार हत्याकाण्ड र राजा ज्ञानेन्द्रको शासनकालभर रहन गयो (वाँस्कोटा र शर्मा, वि.सं. २०५५) । त्यसैगरी वि.सं. २०५८ जेठ १९ गते भएको नारायणहिटी राजदरवार हत्याकाण्ड पनि यसै नारायणहिटी राजदरवार परिसरभित्र रहेको त्रिभुवन सदनमा भएको थियो (पोखरेल, वि. सं.२०६८) ।

नारायणहिटी दरवार संग्रहालय नेपालको राजनैतिक शासन व्यवस्थासँग जोडिदै र देशमा आएको राजनैतिक परिवर्तन पछि स्थापित संस्था हो । संग्रहालयमा ती र तिनैसँग सम्बन्धित विजषयवस्तुहरू नै धेरै रहेका छन् । त्यसैले यसको राजनैतिक पक्षसँग निरन्तर सम्बन्ध रहिरहेको छ । नेपाल परापूर्वकाल देखि नै राजतन्त्रात्मक देश हो भने केही समय राणाहरूले राजाको अधिकार आफूले लिएर शासनको बागडोर सम्हाले । राणकालदेखिनै नारायणहिटी राजदरवार शाहवंसका राजाहरूको निवासस्थान र पछि शासन सत्ताको केन्द्रविन्दू पनि रहेको थियो ।

### *नारायणहिटी दरवार संग्रहालयको सामाजिक, सांस्कृतिक र धार्मिक पक्ष*

नारायणहिटी दरवार र संग्रहालयको सामाजिक, साँकृतिक र धार्मिक पक्षको अध्ययन गर्दा यस दरवार संग्रहालयमा विगत र वर्तमानका बारेमा प्रत्यक्ष प्रमाणहरू भेटिन्छन् । वि.सं. २०६२/०६३ को जनआन्दोलन अघि सम्म नेपाल एक हिन्दु राज्यका रुपमा रहेको थियो । पछि नेपालको अन्तरिम संविधान २०६३ मा नेपाललाई धर्म निरपेक्ष राष्ट्रका रुपमा परिवर्तन गरियो र हिन्दू राज्यको अन्त्य भयो । तर नेपाल विगतमा हिन्दु धर्म सापेक्ष हिन्दु राष्ट्रका रुपमा रहदा पनि सबै धर्मप्रति सह–अस्तित्वको भावना रहेको देखिन्छ । यस नारायणहिटी दरवार संग्रहालयमा संरक्षित तथा संग्रहित वस्तुहरू अवोलोकन गर्दा पनि हिन्दु धर्म, बौद्ध धर्म र त्यसैसँग सम्बन्धित सामाजिक तथा संस्कृतिसँग सम्बन्धित विषय वस्तुको वर्चश्व रहेको देख्न सकिन्छ ।

### *कुटनैतिक र अन्तर्राष्ट्रिय पक्ष*

नेपालको राजाहरूले आफ्नो हैसियत र महत्वलाई सधै उच्च राख्दै आएका थिए । जसका सप्रमाणहरू अन्य बिभिन्न स्रोतमा भएजस्तै नारायणहिटी दरवार संग्रहालयमा पनि कतिपय वस्तुगत

कुराहरू संरक्षित र संग्रहित छन् । नारायणहिटी दरवारमा राजकिय भ्रमणमा आएका विदेशी राष्ट्र प्रमुख तथा भ्रमण टोलीका सदस्यहरूलाई गरिने स्वागत, सत्कार तथा अन्य विविध बन्दोवस्तोको विविध पक्ष संग्रहालयसँग पनि जोड्न सकिन्छ । त्यस्तै संग्रहालयको करिडोरमा नेपालको भ्रमण गरेका विभिन्न राष्ट्रप्रमुख तथा सरकार प्रमुखहरूको यथार्थ चित्र राखिएको पनि छ ।

### *कला र वस्तुकला पक्ष*

नारायणहिटी दरबारको इतिहासलाई नेपालको दरबार हनुमानढोकामा भएको वि. सं. १९०३ को कोतपर्वसँग जोडेर हेर्दा चौतारिया फत्तेजंग शाहको सम्बन्ध देखिन्छ । यहाँ अर्को हिटी दरबार पनि उल्लेख छ । यस अर्थमा यहाँ पहिलेदेखिनै नेपालका ठूला वर्ग वा शासक वर्ग बस्ने स्थान हो भन्ने देखिन्छ । त्यसवेला देखि हालसम्मको निमार्णमा उनीहरूको सम्पन्नताको प्रतिक डिजाइन र कलाकृति यहाको निमार्ण कार्यसँग जोडिएकै छ । त्यस्तै यस नारायणहिटी दरवार संग्रहालयको कला र वस्तुकलाको सांस्कृतिक पक्ष पनि महत्वपूर्ण पक्षको रुपमा रहेको छ । यस दरवार संग्रहालयमा रहेका विभिन्न संरचनाहरू संरक्षित र संग्रहित विभिन्न निमार्ण वस्तुहरू कलाकृतिहरूको अनुपम नमुना र त्यसमा संस्कृतिको प्रभाव परेको देख्न पाइन्छ । यस दरवार संग्रहालय भवनका प्रवेशद्धारहरू र तिनका खापामा र मार्गमा रहेको सिंह, हात्ती, घोडा, मयुर, माछा आदिको प्रस्तर प्रतिमाहरू नेपाली कलाकृतिको मौलिक नमुनाका रुपमा रहेका छन् । यस दरवार संग्रहालय भवनको भित्री कक्षहरूको कलाकृतियुक्त संरचना र प्राय सबै कक्षहरूमा संग्रहित विभिन्न कलाकृतिहरू नेपाली कलाको बाहुमुल्य संग्रह हो । संग्रहालयका विभिन्न कक्षहरूमा रहेकासामानहरू टेबुल, कुर्सी, पलङ, सोफा, दराज आदिले त स्वदेशी तथा विदेशी कला कृतिहरूको समेत संग्रह भएको देखाउछ । संग्रहित पुराना वस्तुहरू, मुर्तिहरू र यी वस्तुहरू नेपाली पनको ऐतिहासिक मौलिक र साँस्कृतिक विशेषतामा आधारित बनाउन खोजिएको पनि देखिन्छ (खत्री र खरेल, वि. सं. २०५५) ।

## निष्कर्ष

नेपालको तत्कालीन राजपरिवारको नेपालको राजधानी काठमाडौंमा रहेको नारायणहिटी राजदरबार ऐतिहासिकता र महत्वको सम्बन्धमा हेर्दा यो करिव दुईसय वर्षभन्दा बढीको पुरानो भइसकेकोले आफैमा पुरातत्विक स्थलको रूपमा रहेको देखिन्छ । पुरातत्विक हिसावमा करिव एक सय वर्षभन्दा पहिलेको वस्तु पुरातत्विक महत्वको मानिने गर्दछ । त्यसैले यो दरबार र यहाँ रहेको मन्दिर र धाराहरू नेपालको संस्कृति र इतिहासका लागि स्रोत सामाग्रीका रूपमा परिणत भैसकेका छन् । यही प्रसंगमा नेपालको इतिहासमा नारायणहिटी राजदरवार र संग्रहालय भित्रका कतिपय सामाग्रीको ऐतिहासिकता र महत्व भएको प्रमाणिक हुन्छ । नेपालको शासकीय रूपमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएपछि वि.सं. २०६५ साल फागुनदेखि नारायणहिटी दरबारको केही क्षेत्रलाई संग्रहालयको रूपमा पनि सार्वजनिक गरिएको छ । आधुनिक नेपालको निर्माता पृथ्वी नारायण शाहका सन्तान शाह परिवारले हनुमानढोका दरबार पछि वि. सं १९४२ देखि वि.सं.२०६५ जेष्ठ २९ गतेसम्म यहीबाट नेपालको राजाको हैसियतले शासन गरे । बाहिरबाट हेर्दा विशेष र राम्रो देखिने दरबार राजा महेन्द्रले निमार्ण गराएका हुन् । राजा वीरेन्द्रले भने लामो समय शासन गरे र उनका परिवारले त्यहा धेरै सुधार, संरक्षण र संकलनको प्रवन्ध मिलाएको देखिन्छ । अहिले त्यहा रहेको पुराना र आधुनिक भवनमा नेपाली र विदेशी वस्तुकलाको समिश्रण रहेको पनि देख्न

सकिन्छ भने अन्य पुराना दरबारहरू राणाकालीन दरबारहरू जस्तै विधिबाट निमार्ण भएको पाइन्छ । राजा वीरेन्द्र र उनका परिवार तथा नजिकका नातेदारहरूको हत्या स्मरण गराउने देखि नेपालको राज परिवारको धार्मिक, सांस्कृतिक र परम्परागत धार्मिक र सांस्कृतिक समन्वयको साक्षी, दिनचर्या यहाँ रहको विविध विषयवस्तुहरूसँग जोडिएका छन् । बिभिन्न राजाका पालका धेरै विषयवस्तुहरू जस्ताको तस्तै रहेकोले दरबार भित्रको कतिपय वास्तविकता सोचेभन्दा सामान्य रहेको देखिन्छ । यो नेपालको आर्थिक र वस्तुकलाको जीवन्त नमुना पनि हो । राजदरबारमा संग्रह भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय सामाग्रीहरूको अध्ययन र अनुसन्धानले नेपालको इतिहास लेखनमा प्राथमिक र द्धितीय स्रोत सामाग्रीका रूपमा महत्व राख्दछन् । नेपालको राजतन्त्र र राजतन्त्रको समयमा नेपालको आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक र कुटनैतिक सम्बन्धका बारेमा धेरै आधिकारिक सप्रमाणहरू यहाँ पाउन र देख्न सकिन्छ भने वास्तविक रूपमा प्रयाप्त जानकारी लिन सकिन्छ । यो नेपालको तथ्य इतिहासको प्रमाण भएकोले त्यहा रहेका यस्ता भौतिक र अभौतिक सम्पदाहरूको संरक्षण र व्यवस्थापन निरन्तर भईरहनु पर्दछ । केही भागलाई संग्रहालयको रूपमा समावेश गरेपनि अझ धेरै क्षेत्रहरू प्रतिवन्धित अवस्थामा नै छन् । महत्वको दृष्टिले नारायणहिटी राजदरवार क्षेत्रको सुरक्षा, संवेदनशिलता र जटिलता अन्य क्षेत्रहरूको भन्दा फरक र चुनौतीपूर्ण पनि देखिन्छ । संग्रहालय विकास समितिलाईमात्रै सबै जिम्मा दिंदै लानुभन्दा सरकारले नारायणहिटी दरवार र संग्रहालयको संरक्षण र सुरक्षाको लागि दीर्धकालीन गुरुयोजना बनाएर कार्यन्वयनमा ल्याउनु पर्दछ । क्रमश नारायणहिटी राजदरबारको सबै क्षेत्रमा अध्ययन र अनुसन्धान कार्यका लागि व्यवस्थित र खुला गर्न सके नेपालको परम्परागत इतिहास लेखनमा आधुनिकीकरण र नयाँ प्रमाणहरू आउने छन् । यो नेपालको राजतन्त्र, शासन प्रणाली र त्यसको परिवर्तन, धर्म, संस्कृति, परम्पराको लगायतका अन्य प्रतिनिधिमुलक कुराहरूका सम्बन्धमा पनि नेपाली नागरिक र अनुसन्धान कर्ताहरूले नयाँ तथ्य सधैका लागि सहज रूपमा देख्न र स्रोत सामाग्री पाईराख्न सक्ने छन् । जसको उचित संरक्षण र व्यवस्थापन हुनु जरुरी छ र नारायणहिटी राजदरबारको ऐतिहासिकता र महत्व निरन्तर रहिरहने पनि छ ।

## सन्दर्भ सामग्रीसूची

श्रेष्ठ, कृष्णप्रकाश (वि.सं.२०६७), *स्थाननामकोष,* हिमाल किताब ।

कोइराला, वि.पी (वि. सं. २०५५), *आत्मवृतान्त,* जगदम्बा प्रकाशन ।

गुरुङ्ग, बुद्धिबहादुर (वि. सं. २०७०), *नारायणहिटी दरवार संग्रहालय एक परिचय,* मेरीगोल्ड प्रिन्टिङ्ग सर्पोट ।

उदास, गेहेन्द्रमा (वि. सं.२०५८) *नेपालमा प्रजातान्त्र र श्री ५ त्रिभुवन,* प्रताप सिंह राई ।

जवरा पुरुषोतत्तमशमशेर (वि.सं. २०८०), *राणाकालीन प्रमुख ऐतिहासिक दरबारहरू,* विद्यार्थी पुस्तक भण्डार ।

झा, प्रशान्त(सन् २०१४). *बेटलस् अफ दी न्यू रिपब्लिक : अ कन्टेम्परी हिस्ट्री अफ नेपाल,* हस्ट पब्लिसर ।

ढकाल, मनहरी वि.सं.२०६७), *नेपालको इतिहास एक संक्षिप्त परिचय,* दिक्षान्त पुस्तक भण्डार ।

थापा, निरञ्जन (वि.सं.२०४५), *भदौ पाँचको भूकम्प,* निरञ्जन थापा ।

पुरी, उद्धव (वि.सं. २०७६), *नेपालमा धार्मिक र सास्कृतिक समन्वयका मुख्य आधारहरू,* तलेजु प्रकाशन ।

पोखरेल, राजकुमार (वि. सं. २०६८), *नारायणहिटी दरवार र देशभक्तको अवसान,* ओरियन्टल पब्लिकेशन ।

नेपाल, जगत (वि. सं. २०६७). *आफ्नै कुरा गिरिजाप्रसाद कोइराला.* जगदम्बा प्रकाशन ।

भट्टराई, गौरभ (सन् २०१२), रोयल प्यालेस टर्ड म्युजियम रिमाइण्ड भिजिटर अफ नेपाल अनसर्टेन पोलिटिकल फ्युच, ग्लोवल प्रेस जर्नल ।

लेभी, सिल्भा (सन् २०११)अनुवाद, *नेपाल,* हिमाल किताब ।

वाँस्कोटा, पुरुषेतम्, शर्मा, निरञ्जन (वि.सं. २०५५),*नेपालको राजनैतिक इतिहास,* नेपाल एशियाली अनुसन्धान केन्द्र ।

व्हीटमार्स, ब्रायोनी आ (सन् २०१७), *स्टयागिङ्ग मेमोरिज अफ नारायणयहिटी प्यालेस,* हिमालय जर्नल ।

शाह, विवेक कुमार (वि. सं. २०६७), *मैले देखेको दरवार,* जनता प्रेश हाउस ।

*गोरखापत्र,* वि. सं. २०६५।२।१६गते

रासस. वि.सं २०८२९।१२

दरबार हत्याकाण्डको भोलिपल्ट बिहान छाउनीस्थित शैनिक अस्पताल अवलोकन २०५८।२।२० गते

राजदरवार संग्रहालय भ्रमण र अवलोक, वि. सं. २०६५।११।१५, २०८१।९।१२ र २०८२।९। २१ गते

हनुमानढोका संग्रहालय भ्रमण र अवलोकन वि. सं. २०८२।९।२१ गते